# भाग ५

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

## सूचना

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३८ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्याविधि संवत् २०८० साल असार मसान्तसम्म रहेकोमा ती आयोगबाट सम्पादन हुनु पर्ने शान्ति प्रक्रियाका काम बाँकी रहेको परिप्रेक्ष्यमा दुवै आयोगको कार्यलाई निरन्तरता दिन नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्याविधि संवत् २०८० साल पुष मसान्तसम्म थप गर्ने गरी यो आदेश जारी गरेको छ।

**आज्ञाले,**
**फणीन्द्र गौतम**
**नेपाल सरकारको निमित्त सचिव।**

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।